# १४ स्वास्थ्य आपूर्ति व्यवस्थापन

## पृष्ठभूमि

सामाजिक विकास मन्त्रालय मातहतमा २०७६ सालदेखि स्थापना भई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्य संचालन गर्दै आइरहेकोमा मिति २०७८ साल जेठ ५ गतेको कार्यविभाजन अनुसार यो कार्यालय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहत रहने गरी संचालनमा रहेको छ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेशका विभिन्न स्वास्थ्य सेवा संग सम्बन्धित आपूर्तिको उचित व्यवस्थापन गर्ने संस्था हो। प्रदेश स्तरमा आपूर्ति शृंखला व्यवस्थापन कार्यका लागि आवश्यक योजना तर्जुमा, खरिद, भण्डारण, वितरण, पुनरावलोकन, मुल्यांकन गर्ने, आपूर्ति शृंखला व्यवस्थापन प्रणालीमा रहेका कमी कमजोरी पहिचान गरि समस्या एवं चुनौतिको समाधानको लागि सरोकारवाला निकायहरुबीच आवश्यक समन्वय गर्ने प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख कार्यहरु रहेका छन् ।

आपूर्ति व्यबस्थापनका महत्वपूर्ण छ वटा सिदान्तहरु ठीक सामान, ठीक परिमाणमा, ठीक स्थानमा, ठीक समयमा, ठीक मुल्यमा र ठीक अवस्थामा हुनुपर्दछ भन्ने तथ्यलाई आत्मसात गर्दै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले जिन्सी व्यबस्थापनका लागि USAID को सहयोगमा कम भन्दा कम समयमा कुनै पनि औषधी खोप तथा सामाग्रीहरुको महत्वपूर्ण तथ्यांकहरू Real time data को रुपमा प्राप्त हुनेगरी विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Electronic Logistics Management and Information System) प्रणालीलाई अद्यावधिक गरेको छ।

## विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली

आ.व. २०५१/०५२ देखि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) संचालनमा रहेको भएता पनि आ.व. ०६५/६६ बाट मात्रै वेब मा आधारित (Web-based LMIS) लागु भएको थियो। LMIS प्रतिवेदनलाई स्थानीय तहबाटै entry गर्न तथा जिन्सी व्यवस्थापनलाई अझ सुदृढ गर्न २०७५ साल बैशाख देखी परीक्षण गरी आ.व. २०७६/७७ देखि ७७ वटै स्वास्थ्य कार्यालयहरूमा LMIS quarterly Report को data entry गर्न तालिम दिईएको।

त्यसैगरी आ.व. २०७९/८० देखि त्रैमासिक प्रतिवेदनमा अप्रत्यासित प्रगति हासिल भएको आर्थिक वर्ष २०७९/८० देखि सुरु हुने गरी त्रैमासिक प्रतिवेदनलाई आर्थिक वर्ष २०७८/७९ मा मासिक प्रतिवेदन गर्ने निर्णय गरिएको थियो । जसले तथ्याङ्कको शुद्धता बढाउनेछ र पूर्वानुमान र आपूर्ति योजना साथै आपूर्ति श्रृंखला सम्बन्धित समस्याहरू समयमा सम्बोधन गर्न मदत गर्दछ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रलायको मिति २०७७/०२/०१ को निर्णय अनुसार e-LMIS कार्यक्रमलाई सबै प्रदेश, स्वास्थ्य कार्यालय, अस्पतालहरु, स्थानीय तह र स्वास्थ्य संस्थाहरुमा बिस्तार गरिएको र क्रमशः कागजी कार्यलाई विस्थापित गर्दै लगिने आपूर्ति व्यबस्थापन शाखाको लक्ष्य अनुरुप कार्ययोजना भैरहेको छ।




## गण्डकी प्रदेशमा e-LMIS कार्यान्वयनको अवस्था

गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७९/८० को लागि सञ्चालन गरिएका प्रमुख गतिविधिहरू LMIS फारम र आधारभूत  आपूर्ति व्यवस्थापन तालिम , डेटा गुणस्तर मूल्याङ्कन, LMIS रिपोर्टको लागि सूचना प्रवाहको समीक्षा र eLMIS को सञ्चालन थिए। eLMIS को तालिम, eLMIS साइटहरूको कार्यान्वयन/विस्तार, हेल्प डेस्क मार्फत सहयोग, विकास र कार्यान्वयन, eLMIS अनुगमन, डाटा प्रमाणिकरण र डेटा उपयोगिता को आश्वासन गरिरहेको अवस्था।

**तालिका नं. १ गण्डकी प्रदेशमा e-LMIS कार्यान्वयनको अवस्था**

| कार्यालय/संस्था | e-LMIS कार्यान्वयनको अवस्था |
|---|---|
| प्रादेशिक स्टोर | लागू भई संचालनमा रहेको |
| स्वास्थ कार्यालय स्टोरहरु | सबै स्वास्थ कार्यालय स्टोरमा लागू भई संचालनमा रहेको |
| अस्पताल स्टोरहरु | केहि अस्पतालहरुमा लागू भई संचालनमा रहेको र लागू भईको केहि अस्पतालहरुमा संचालनमा हुने क्रममा रहेको |
| स्थानीय तह (स्वास्थ स्टोरहरु) | सबै पालिकाहरुमा लागू भएको र केहि स्थानीय तहरुमा संचालनमा नभएको |
| स्वास्थ चौकी, प्राथमिक स्वास्थ केन्द्र सहित सम्पुर्ण स्वास्थ सस्थाहरू | स्वास्थ चौकी, प्राथमिक स्वास्थ केन्द्र सहित सम्पुर्ण स्वास्थ सस्थाहरू गरी १७२बाट सस्थाहरूमा eLMIS लागु भएको |
| स्वास्थ चौकी, प्राथमिक स्वास्थ केन्द्र सहित सम्पुर्ण स्वास्थ सस्थाहरू | सम्पुर्ण स्वास्थ सस्थाहरूबाट प्राप्त हुने मासिक LMIS प्रतिवेदन स्थानीय तह/ स्वास्थ कार्यालयबाट eLMIS मा प्रविस्ट हुने गरेको र स्वास्थ सस्थाहरू बाटै eLMIS संचालन हुने व्यवस्था लागू भएको |

## गण्डकी प्रदेशमा e-LMIS सञ्चालनको अवस्था

आ.व. २०७८/७९ मा गण्डकी प्रदेशको सम्पूर्ण स्वास्थ कार्यालय, अस्पताल र ८५ पालिकाहरु गरी जम्मा २१७ संस्थाहरुमा elmis रोल आउट भएको त्यस अन्तर्गत जम्मा १८९ संस्थाहरुले elmis बाट ह.फा र दाखिला (transition) गरेको देखिन्छ |यस प्रदेशमा १०२२ स्वास्थ्य संस्थाहरु मध्ये जम्मा २८१ स्वास्थ्य संस्थाहरुमा eLMIS लागु भएको र बाकी ७४१ स्वास्थ्य संस्थाहरुमा eLMIS सञ्चालन गर्न बकी रहेको छ। त्यसैगरी eLMIS लागु भएको स्वास्थ्य संस्थाहरु मध्ये ६ वोटा स्वास्थ्य संस्थाहरुले eLMIS नचलएको छ।

तालिका नं. २ गण्डकी प्रदेशमा e-LMIS सञ्चालनको अवस्था


| क्र.स | जिल्ला | कुल स्वास्थ्य संस्था | कुल सञ्चालन | सञ्चालन गर्न बकी रहेको संस्था | eLMIS नचलएको संख्या |
|---|---|---|---|---|---|
| १ | गोर्खा | १३२ | ६६ | ६६ | ० |
| २ | लमजुङ | १०८ | ११ | ९७ | ० |
| ३ | मनाङ | २७ | ६ | २१ | १ |
| ४ | तनहुँ | १३५ | १४ | १२१ | ० |
| ५ | कास्की | १०८ | १०६ | २ | २ |
| ६ | स्याङ्गजा | ११८ | १६ | १०२ | ० |
| ७ | पर्वत | ८२ | ९ | ७३ | १ |
| ८ | वाग्लुङ्ग | ११७ | २६ | ९१ | ० |
| ९ | म्याग्दी | ६७ | ९ | ५८ | ० |
| १० | मुस्ताङ्ग | ३० | ७ | २३ | २ |
| ११ | नवलपुर | ९८ | १० | ८८ | ० |
| | जम्मा | १०२२ | २८१ | ७४१ | ६ |

नोटः असार मसान्त सम्म को अवस्था

## आ.व. २०७९/८० को LMIS रिपोर्टिङको अवस्था

आ.व. २०७९/८० को अन्तिम मासिक रिपोर्टिङ अनुसार गण्डकी प्रदेशको रिपोर्टिङ प्रतिशत ९९.०४ रहेको छ भने हरेक जिल्लाको रिपोर्टिङ ९९ प्रतिशत भन्दा बढी रहेको छ। सबैभन्दा कम रिपोर्टिङ गर्नेमा म्याग्दी जिल्ला रहेको छ जसको रिपोर्टिङ प्रतिशत ९०.९ छ। हरेक जिल्लाको रिपोर्टिङ प्रत्येक महिनामा बढ्दै गएको तर timeliness नभएको देखिन्छ ।

चित्र नं. १ चौमासिक अनुसार eLMIS को रिपोर्टिङ्ग अवस्था (प्रतिशतमा)





## आ.व. २०७९/८० को eLMIS transitionको अवस्था

आ.व. २०७८/७९ मा गण्डकी प्रदेशको सम्पूर्ण स्वास्थ कार्यालय, अस्पताल र ८५ पालिकाहरु गरी जम्मा २१७ संस्थाहरुमा elmis रोल आउट भएको थियो भने यस आ.व. मा थप ६४ संस्थाहरुमा elmis रोल आउट भई जम्मा २८१ संस्थाहरुमा elmis लागु भएको छ। गर्नेमा म्याग्दी जिल्ला रहेको छ जसको रिपोर्टिङ प्रतिशत ९०.९ छ। हरेक जिल्लाको रिपोर्टिङ प्रत्येक महिनामा बढ्दै गएको तर timeliness नभएको देखिन्छ । त्यस अन्तर्गत जम्मा ६ वटा संस्थाहरुले elmis बाट ह.फा र दाखिला (transition) नगरेको देखिन्छ|

चित्र नं. २ e-LMIS transitionको अवस्था

| विवरण | संख्या (२०७९) |
|---|---|
| रोल आउट | २८१ |
| ट्रांसिशन | २७५ |



## आ.व. २०७९/८० को परिवार नियोजनका ५ विधिहरू उपलब्ध  र स्टक आउट (%)

आ.व. २०७८/७९ मा गण्डकी प्रदेशको परिवार नियोजनका ५ विधिहरुको (पिल्स, कन्डोम, डिपो, ईमप्लान्ट र ईयुसिडी) उपलब्धता मासिक रिपोर्टिङ अनुसार गण्डकी प्रदेशको ९१.५१ प्रतिशत रहेको छ भने ९  वटा जिल्लाको ५ विधिहरुको उपलब्धता मासिक रिपोर्टिङ अनुसार ९० प्रतिशत भन्दा बढी रहेको छ। त्यसैगरी बाकी दुई जिल्ला गोर्खा र कास्की को स्टक आउट प्रतिशत १९.१८  र २९.४८ रिपोर्टिङ अनुसार रहेको छ।

तालिका नं. ३ नियोजनका ५ विधिहरू उपलब्ध  र स्टक आउट

| जिल्ला | परिवार नियोजनका ५ विधिहरू उपलब्ध (%) | स्टक आउट (%) |
|---|---|---|
| गोरखा | ८०.८२% | १९.१८% |
| मनाङ | ९७.८७% | २.१३% |
| मुस्ताङ्ग | ९७.४५% | २.५५% |
| म्याग्दी | ९५.२८% | ४.७२% |
| कास्की | ७०.५२% | २९.४८% |
| लमजुङ | ९३.७५% | ६.२५% |
| तनहुँ | ९२.७५% | ७.२५% |
| नवलपुर | ९३.९४% | ६.०६% |
| स्याङ्गजा | ९३.८१% | ६.१९% |
| पर्वत | ९६.०४% | ३.९६% |
| वाग्लुङ्ग | ९४.३४% | ५.६६% |
| जम्मा | ९१.५१% | ८.४९% |

## समस्या, चुनौति तथा विभिन्न निकायको भूमिका

तालिका नं. ४ आपुर्ति व्यवस्थापन सम्बन्धि समस्या चुनैति तथा निकायको भुमिका

| समस्या/चुनौति | विभिन्न तह तथा निकायको भूमिका |
|---|---|
| ➢ eLMIS System कार्यान्वयन गर्न स्थायी रुपमा जनशक्तिको दरबन्दी नभएको ।<br>➢ सबै स्थानीय तह तथमा elmis पूर्णरुपले नचलाएको अवस्था<br>➢ सबै स्वास्थ्यसंस्थामा रोल आउट नभएकोले real time data प्राप्त गर्न कठिनाई।<br>➢ आवश्यक श्रोतको अभाव, Internet Access, Electricity Backup को समस्या।<br>➢ कोभिड-१९ महामारीको कारणले तत्काल तालिम संचालन ,follow up, orientation गर्न कठिनाई।<br>➢ Transaction र व्यवहारिक् प्रयोग बिना हुने अव्यवहारिक बिस्तार।<br>➢ कर्मचारीको बारम्बार सरुवा | प्रदेशः श्रोत केन्द्र; अनसाइट कोचिंग, डाटा प्रविस्टी, डाटा बिस्लेषण:पाईपलाईन, परिमाण निर्धारण, तालीम, अनुगमन, फलो अप समिक्षा<br><br>स्थानीय तहः अनसाइट कोचिंग ,डाटा प्रविस्टी, डाटा विस्लेषणः पाईपलाईन, परिमाण निर्धारण, तालीम, अनुगमन, फलो अप समिक्षा<br>स्वास्थ्य संस्था:मासिक अभिलेख तथा प्रतिवेदन |

**नोट** : स्वास्थ्य आपुर्ति व्यवस्थापन सम्बन्धी वृस्तीत प्रतिवेदन तथा विवरणका लागि प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रको प्रतिवेदन हेर्नुहोला ।